# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545271, 033-545238
Toll Free No. 16603352333


पत्र संख्या :- २०७९।०८०
चलानी नं. :- ०१

मिति: २०७९।०४।०३ गते

## सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण गर्ने सम्बन्धी सूचना।

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संसोधन) को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि भाद्र मसान्तसम्ममा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

बालबालिका, पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथिका जेष्ठ नागरिक तथा आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन्।

साथै आ.व.२०७९।०८० को बजेट वक्तव्यमा ६८ वर्ष उमेर पूरा भएकालाई जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिने उल्लेख भए बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन समेत सम्बन्धित वडा कार्यालयबाट संकलन गरि दर्ता गरिने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारबालाहरुमा जानकारी गराईन्छ।

**तपसिल:**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान १ सहित सक्कल प्रति समेत।
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति।
३. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहति सक्कल प्रति समेत।
४. अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी सहित सक्कल प्रति समेत।
५. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्र र एकल महिलाको हकमा अर्को विवाह नगरेको प्रमाणपत्र।
६. बैंक खाताको विवरण/चेकवुकको प्रतिलिपी।

२०७९/०४/०३
नि० प्रमुख प्रशासकीय अधिकृत

**नोट:** उल्लेखित कागजातहरुको प्रतिलिपि निवेदन साथ अनिवार्य रुपमा संलग्न राखेर २०७९ श्रावण १ गते देखि भाद्र मसान्तसम्मा आ-आफ्नो वडा कार्यालयमा गई अनिवार्य रुपमा नाम नवीकरण गराई सक्नुपर्नेछ।

**तोकिएको समय भित्र नाम नवीकरण नगराएमा कार्यालय जवाफदेही हुने छैन्।**